

# ७ शिक्षामा परमेश्वरको आराधना

***<u>यस अध्यायका मूल पदहरू:</u>*** दानिएल ३, प्रकाश १४:६-१२, भजन ७८:१-१७, यूहन्ना ४:७-२६, १ इतिहास १६:१-३६ र मर्कूस ७:१-१३।

*<u>यस अध्यायको मूल सार पद:</u>* "परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा चढ़ाओ, भेटी लिएर उहाँको सामु आओ। उहाँका पवित्रताको वैभव वा सौन्दर्यतामा परमप्रभुलाई दण्डवत् वा आराधना गर" (१ इतिहास १६:२९)।

(प्रत्येक मानिस शारीरिक, बौद्धिक वा मानसिक र आत्मिक प्राणी हो। त्यसले गर्दा परमेश्वरको) आराधना गर्ने प्रत्येक मानवताको भाग हो। यो मानिसको स्वभावैमा कोरिएको हुन्छ। मानिस जतिसुकै पतित र पापी भएतापनि वा परमेश्वरको अस्तित्वालई मान्न नचाहेतापनि मानिसको स्वभावमा आफूभन्दा अपार शक्तिको उपासना गर्ने वा आराधना गर्ने तत्व कुँधिएको हुन्छ (त्यसले गर्दा नै मानिस र पशुको बीचमा मूल अन्तर भएको छ)। हामी सृष्टि गरिएको प्राणी हौं। हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर स्वीकार गरिएको परमेश्वर चाहनुहुन्छ। तर उहाँले दिनुभएको परमेश्वरको आराधना गर्ने स्वतन्त्रता अनुसार उहाँले चाहनुहुन्छ कि हामी उहाँको आराधना गरौं किनभने उहाँलाई हामी प्रेम गर्छौं र उहाँ आराधनाको योग्य हुनुहुन्छ भन्ने मनस्थिति हामीमा होस्। पाप आउनुभन्दा गरिने यस्तो आराधना वा उपासना सजिलै थियो होला किनभने मानिस परमेश्वरसँग मुखामुख पहुँच थियो। त्यसबेलाको पृथ्वी पाप, मृत्यु र ध्वसात्मक तत्वले क्षतविक्षत भएको थिएन। अहिले पापको संसारमा रहेका हामीले त्यसबेलाको वातावरण कल्पना पनि गर्न सक्दैनौं।

वर्तमान युगमा परमेश्वरको आराधना गर्ने जन्मजात भित्री चाहना भएतापनि आराधना वा परमेश्वरको उपासना गर्ने तत्वलाई पापले गर्दा अरू जस्तै बतारिएको वा बङ्ग्याएइएको र तोडमोड गरेर बिग्राइएको छ। त्यसको

अर्थ यस संसारमा हामीले गर्ने अनेकौं क्रियाकलापमा हाम्रो आराधना वा उपासना पनि गलत बस्तुलाई गरिरहेका हुनसक्छ। (सबै धर्म एकै हो भन्ने मनोवृत्तिले गर्दा) हामीले गर्नुपर्ने परमेश्वरको आराधनाको सट्टा र उहाँलाई गरिनुपर्ने आराधनाको तरिकाको सट्टा उहाँलाई आराधनामै नगरिरहेको हुन सक्छ। उदाहरणमा मर्कूस ७:१-१३ "१ यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू येशूका चारैतिर भेला भए। २ येशूका कतिपय चेलाहरूले अशुद्ध हात, अर्थात् नधोएको हातले खाएका तिनीहरूले देखे। ३ फरिसीहरू र सबै यहूदीहरू तिनीहरूका पुर्खाहरूले दिएका परम्पराअनुसार हात नधोई भोजन खाँदैनन्। ४ बजारबाट आएपछि स्नान गरेर शुद्ध नभई तिनीहरू खाँदैनन्। यति मात्र होइन, तिनीहरूले यस्ता धेरै अरू परम्परा मान्दछन्, अर्थात् कचौराहरू, भाँड़ाहरू र काँसोका भाँड़ाहरू धुने परम्परा। ५ तब फरिसीहरू र शास्त्रीहरूले उहाँलाई सोधे, 'तपाईंका चेलाहरू पितापुर्खाले राखिदिएका परम्परामा किन चल्दैनन्, तर अशुद्ध हातले खान्छन्?' ६ तब उहाँले तिनीहरूलाई भन्नुभयो, 'यशैयाले तिमी कपटीहरूका विषयमा ठीकसँग यसरी अगमवाणी गरे, जस्तो लेखिएको छ, 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मदेखि टाढ़ा छ। ७ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्।' ८ तिमीहरू परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरूका परम्परा मान्छौ।' ९ उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू आफ्ना परम्परा मान्नलाई कति धूर्ततासँग परमेश्वरको आज्ञालाई टारिदिन्छौ। १० किनभने मोशाले भनेका छन्, 'आफ्ना आमा-बुबालाई आदर गर, र जसले आमा-बुबाको विरुद्धमा दुष्ट कुरा बोल्छ त्यो मारिनैपर्छ।' ११ यदि कुनै मानिसले आफ्ना बुबा वा आमालाई 'मबाट जे-जति मद्दत तपाईंहरूलाई मिल्नुपर्ने त्यो कुर्बान हो, ' अर्थात् परमेश्वरलाई चढ़ाइएको) भन्छ भने, १२ तिमीहरू त्यसलाई आफ्ना आमा-बुबाको निम्ति फेरि केही गर्न दिँदैनौ। १३ यसरी तिमीहरू आफ्नो चलिआएको परम्परालाई कायम राखेर परमेश्वरको वचनलाई चाहिँ रद्द तुल्याउँछौ। अनि यस्तै अनेक कामहरू तिमीहरू गर्दछौ।" र यर्मिया ७:१-८ "१ यर्मियाकहाँ आएको परमप्रभुको वचन यही हो: २ 'परमप्रभुका भवनको मूल ढोकामा उभिएर यो सन्देश घोषणा गर्: 'परमप्रभुको आराधना गर्नलाई यी मूल ढोकाहरूबाट पस्ने हे यहूदाका सबै मानिस हो, परमप्रभुको वचन सुन। ३ सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: तिमीहरूका चाल र तिमीहरूका कामहरू सुधार गर, र म तिमीहरूलाई यस

ठाउँमा रहन दिउँला। ४ छली कुरामा भरोसा गरी यो नभन, 'यो परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर हो! ' ५ यदि तिमीहरूले आफ्ना चाल र कामहरू साँच्ची नै सुधार्‍यौ, र तिमीहरू एउटाले अर्कोसित न्यायसङ्गत व्यवहार गर्‍यौ भने, ६ यदि तिमीहरूले विदेशी, टुहुरा-टुहुरी र विधवाहरूमाथि अत्याचार गरेनौ भने, अथवा यस ठाउँमा निर्दोषको रगत बगाएनौ भने, र यदि तिमीहरूको आफ्नै हानिको निम्ति अरू देवताहरूका पछि लागेनौ भने, ७ म तिमीहरूलाई यस ठाउँमा बस्न दिनेछु, यसै देशमा, जो मैले तिमीहरूका पिता-पुर्खालाई युग-युगसम्म रहनलाई दिएको थिएँ। ८ तर हेर, तिमीहरू छली कुरामा भरोसा राख्तछौ, जो व्यर्थैका छन्।"

त्यसैकारण यदि कसैले येशूभक्त हुँ भनेर दावी गर्छ वा येशूको अनुयायी हुँ भनेर जिकिर गर्छ भने परमेश्‍वरको आराधना वा उपासना गर्ने उसको जीवनको केन्द्रविन्दु हुनैपर्छ। इसाई शिक्षाले आराधना वा उपासना गर्ने विद्यालाई जोर दिनैपर्छ। यसबारे हामी यस अध्यायमा छलफल गर्नेछौं।

## १ हामी कुन न कुनैको पूजा वा आराधना गर्छौं

यो कुनै विवादीय विषय होइन कि परमेश्‍वरले हामीभित्र केही न केही सुरूमै बुनेर राख्नुभएको छ तर पापले गर्दा त्यसलाई भ्रष्ट बनाइएको छ-त्यो हो आराधना वा पूजा गर्ने मनस्थिति। हुन त सुरूमा केवल परमेश्‍वरकोमात्र आराधना हामीले गर्नुपर्थ्यो जो हाम्रो प्रभु र सृष्टिकर्ता हुनुहुन्छ र उहाँमात्र आराधनाको योग्य हुनुहुन्छ। तर पापले गर्दा यसमा भारि परिवर्तन आयो।

तैपनि हामी कुनै व्यक्ति वा कुनै थोकलाई हामी पूजा गर्छौं वा त्यसलाई भगवान मानेर ढोग्छौं। त्यसैले सारा मानव इतिहास र सभ्यतामा मानिसहरूले कसै न कसैको पूजा गर्ने संस्कार बसालिएको छ। आजको युगमा पनि त्यो परिस्थिती रहिरहेको छ। पौराणिक इजिप्ट अर्थात् मिश्रदेशमा फारो राजाहरूलाई भगवान मानेर पूजा गर्थ्यो भने कतिपय देशहरूमा माछा, शर्पका मूर्तीहरू, धेरै टाउका भएका देविदेवताहरू वा कुनै न कुनै मूर्ती वा असाधारणा मानिसहरूलाई देवता भनेर पुजा गरिन्थ्यो। कतिपय मानिसहरूले सूर्य, चन्द्रमा, ताराहरूलाई पूजा गर्दथे भने अहिले पनि गर्दछन्।

आजभोलीका आधुनिक तथा वौद्धिक जगतका मानिसहरूले भ्यागुताको मूर्तीको सामु ढोग्दैन होला। तर कतिपय इसाई सन्तहरू जस्तै मरियमलाई होस् अरू धर्ममा सिद्ध भनेर कतिपय मानिसहरूलाई नै भगवान भनेर पूजा गर्दछन्। परमेश्‍वर नमान्ने मानिसहरूले पनि कुनै न कुनैलाई भगवान जस्तै गरेर उसको

**अगाडि कुनै न कुनै तरिकाले ढोगी रहेका हुन्छन् वा झुकिरहेका हुन्छन् जस्तै पैसा, शक्ति, यौन, आफूहरू नै भगवान भन्न रुचाउनेहरू, सङ्गितका नाइकेहरू, फिल्मका नायक तथा नायिकाहरू र राजनैतिज्ञहरू। हामीले कसलाई पूजा गर्छौं भनेर ठम्याउन चाहन्छौं भने यो कुरामा भन्न सकिन्छः जसलाई हामी अति प्रिय ठान्छौं, हाम्रो अत्यधिक ध्यान जसमा गइरहन्छ, जसको निम्ति जिइरहन्छ, तिनीहरू हाम्रो पूजनीय हुन्छन्। एक जना परमेश्वरलाई खास नमान्ने लेखक देभिद फोस्टर वालेसले भनेका थिए "यदि तपाईंले गलत तत्वलाई पूजा गर्नुभयो भने त्यसले तपाईंलाई जिउँदै निलिदिन्छ।"**

दानिएल ३मा लेखिएको कथाले सत्य आराधना वा उपासनाको महत्त्व किन छ भनेर हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्, "१ राजा नबूकदनेसरले तीस मिटर अग्लो र तीन मिटर चौड़ा भएको सुनको एक मूर्ति बनाए र त्यसलाई बेबिलोनको प्रदेशमा स्थित दूरा नाम गरेको मैदानमा स्थापना गरे। २ त्यसपछि उनले त्यस मूर्ति अर्पण गर्नलाई प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यपाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरूलाई भेला गरे। ३ यसकारण प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यकाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरू राजा नबूकदनेसरले खड़ा गरेको त्यस मूर्तिलाई अर्पण गर्न भेला भए र त्यसको अगि उभिए। ४ तब सो कुराको घोषणा गर्नेले चर्को स्वरमा कराएर भन्यो, 'हे मानिसहरू, जातिहरू र विभिन्न भाषा बोल्नेहरू, तिमीहरूलाई यो हुकुम भएको छः ५ तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाको स्वर सुन्ने बित्तिकै राजा नबूकदनेसरले स्थापना गर्नुभएको सुनका मूर्तिको अगि घोप्टो परेर तिमीहरू सबैले दण्डवत् गर्नुपर्छ। ६ घोप्टो परेर दण्डवत् नगर्ने जोसुकै पनि तुरुन्तै दन्किरहेको आगोको भट्टीमा फालिनेछ।' ७ यसैकारण नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको स्वर सुन्ने बित्तिकै विभिन्न भाषा बोल्ने जाति-जातिका मानिसहरू सबैले घोप्टो परेर नबूकदनेसर राजाले स्थापना गरेको सुनको मूर्तिलाई दण्डवत् गरे। ८ यसै बेला केही ज्योतिषीहरू अगि सरेर यहूदीहरूका विरुद्धमा अभियोग लगाए। ९ तिनीहरूले राजा नबूकदनेसरलाई भने, 'महाराजा, अमर रहून्! १० हजूरले हुकुम गर्नुभएको छ, कि हरेक जसले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका

बाजाहरूको स्वर सुन्छ, त्यसले घोप्टो परेर सुनको मूर्तिलाई दण्डवत् गर्नुपर्छ।
११ अनि जसले घोप्टो परेर दण्डवत् गर्दैन, उसलाई दन्किएको आगोको भट्टीमा
फालिनेछ। १२ तर केही यहूदीहरू छन्, जसलाई हजूरले बेबिलोनको
प्रान्तमाथि शासन गर्न नियुक्त गर्नुभयो, जसका नाउँ शद्रक, मेशक र अबेद्नगो
हुन्। हे महाराजा, यिनीहरूले हजूरलाई टेर्दैनन्। यिनीहरू न त हजूरका
देवताहरूलाई पुज्छन्, न हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत्
गर्छन्।' १३ रीसले चूर भएर नबूकदनेसरले शद्रक, मेशक र अबेद्नगोलाई
ल्याउने हुकुम गरे। यसकारण यी मानिसहरू राजाकहाँ ल्याइए, १४ र
नबूकदनेसरले तिनीहरूलाई भने, 'ए शद्रक, मेशक अबेद्नगो, के यो कुरा सत्य
हो, कि तिमीहरू मेरा देवताहरूको सेवा गर्दैनौ वा मैले स्थापना गरेको सुनको
मूर्तिलाई दण्डवत् गर्दैनौ? १५ अब यदि तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा,
सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको आवाज सुन्ने
बित्तिकै मैले बनाएको मूर्तिलाई दण्डवत् गर्न तयार भयौ भने धेरै राम्रो हुनेछ।
तर यदि तिमीहरूले यसलाई दण्डवत् गरेनौ भने, तुरुन्तै दन्किरहेको आगोको
भट्टीमा तिमीहरू फालिनेछौ। तब कुन देवताले तिमीहरूलाई मेरो हातबाट
बचाउन सक्ला? ' १६ शद्रक, मेशक, र अबेद्नगोले राजालाई जवाफ दिए, 'हे
नबूकदनेसर, यससम्बन्धमा हजूरको अगि हाम्रो आफ्नै पक्षमा भन्नुपर्ने
आवश्यकता केही छैन। १७ हे महाराजा, यदि हामीहरू दन्किरहेको आगोको
भट्टीमा फालियौं भने, हामीले सेवा गरेका परमेश्वरले हामीलाई यसबाट बचाउन
सक्नुहुनेछ र हजूरको हातबाट छुटकारा दिनुहुनेछ। १८ तर हामीलाई उहाँले
यसो नगर्नुभए तापनि, हे महाराजा, हजूरका देवताहरूको सेवा गर्नेछैनौं न त
हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्नेछौं भनी हजूरलाई थाहा
होस् भन्ने हामी चाहन्छौं।' १९ तब शद्रक, मेशक र अबेद्नगोसित नबूकदनेसर
रीसले चूर भए, र तिनीहरूप्रति उनको धारणा बद्लियो। उनले त्यस आगोको
भट्टीलाई साधारणभन्दा सात गुणा चर्काउने हुकुम गरे, २० र उनका सेनाको
सबभन्दा बलिया सिपाहीहरूमध्ये कोहीलाई शद्रक, मेशक र अबेद्नगोलाई
बाँधेर दन्किएको आगोको भट्टीमा फ्याँकिदिन भनी आज्ञा गरे। २१ तब यी
मानिसहरू दौरा, सुरुवाल, टोपी र अन्य लुगाहरूसित बाँधिएर दन्किरहेको
आगोको भट्टीमा फ्याँकिए। २२ राजाको हुकुम यति जरूरी थियो र आगोको
भट्टी यति तातो थियो कि आगोको ज्वालाले शद्रक, मेशक र अबेद्नगोलाई
लैजाने सिपाहीहरूलाई भस्म पार्‍यो, २३ अनि यी तीन जना मानिसहरू दह्रिलो

रूपमा बाँधिएकै अवस्थामा दन्किरहेको आगोको भट्टीमा परे। २४ त्यसपछि
राजा नबूकदनेसरले आश्चर्यचकित हुँदै उफ्रेर आफ्ना सल्लाहकारहरूलाई सोधे,
'के हामीले बाँधेर आगोमा फालेका तीन जना मानिसहरू होइनन् र? उनीहरूले
जवाफ दिए, 'निश्चय नै हो, महाराजा।' २५ उनले भने, 'हेर त, आगोभित्र चार
जना मानिसहरू वरिपरि हिँड्रिरहेका देख्दछु, तिनीहरू नबाँधिएका र कुनै हानि
नभएका देखिन्छन्, र त्यो चौथोचाहिँ देवताहरूको पुत्रजस्तै देखिन्छ।' २६ तब
नबूकदनेसरले दन्किएको आगोको भट्टीको ढोका नजिक गएर चिच्च्याए, 'हे
शद्रक, मेशक र अबेद्नगो, सर्वोच्च परमेश्वरका सेवक हो, बाहिर निस्केर
आओ।' तब शद्रक, मेशक र अबेद्नगो आगोबाट बाहिर निस्केर आए, २७
अनि प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू, र
सल्लाहकारहरू तिनीहरूका वरिपरि भीड़ लागे। उनीहरूले देखे कि आगोले
तिनीहरूका शरीरमा हानि पुऱ्याएको थिएन, न त तिनीहरूका शिरको रौँ नै
खहरिएको थियो, तिनीहरूका लुगालाई आगोले छोएको थिएन र तिनीहरूमा
आगोको कुनै गन्धैसमेत थिएन। २८ त्यसपछि नबूकदनेसरले भने, 'शद्रक,
मेशक र अबेद्नगोका परमेश्वरलाई प्रशंसा होस्, जसले आफ्ना दूतलाई पठाएर
आफ्ना सेवकहरूलाई छुटकारा दिनुभयो। तिनीहरूले उहाँमाथि विश्वास गरे, र
राजाको हुकुमलाई अस्वीकार गरी आफ्ना परमेश्वरलाई छोड़ेर कुनै देवतालाई
सेवा गर्नु वा दण्डवत् गर्नुभन्दा बरु आफ्ना जीवन दिन तयार भए। २९
यसकारण म यो उर्दी दिँदैछु कि कुनै पनि जातिका वा कुनै पनि भाषा बोल्ने
मानिसहरूले शद्रक, मेशक र अबेद्नगोका परमेश्वरको विरुद्धमा केही भन्छन्
भने, उनीहरू टुक्रा-टुक्रा पारी काटिनेछन् र उनीहरूका घर उजाड़ पारिनेछन्,
किनभने यसरी कुनै पनि अर्को देवताले बचाउन सक्दैनन्।' ३० त्यसपछि
राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रान्तमा पदोन्नति गरिदिए।"

**प्रस्थान २०:४-६ले उल्लेख गरेकै अनुसार ती तीन जना यहूदी युवाहरूले दोस्रो आज्ञालाई गम्भिरतापूर्वक मानेका थिए। परमेश्वरको त्यस आज्ञामाथि खेलबाद नगरि जस्तै छ त्यस्तै गरि पालन गर्नुपर्छ भन्ने परमेश्वरको चाहना थियो। यो दश आज्ञाहरूको एक भाग हो जस्मा हत्या गर्नु चोरि गर्नु जस्ता क्रियाकलापलाई मनाही गरिएको छ। सनातन सृष्टिकर्ता परमेश्वरलाई नै ठोकुवा गरेर उहाँको आराधना वा उपासना गर्नु भनेको येशूभक्तको निम्ति यस्तो महत्त्वपूर्ण छ कि येशू ख्रीष्टको दोस्रो आगमन पहिले यो नै सबै विषयबस्तुको केन्द्र हुनेछ। त्यसकारण सत्य वा सही इसाई शिक्षामा आराधनाको बारेमा**

**सम्पूर्ण प्रश्नहरू समावेश हुनुपर्छः आराधना गर्नु भनेको के हो, हामीले कसरी गर्ने, यो किन महत्त्वपूर्ण छ र कसको आराधना गर्नुपर्छ?**

प्रकाश १४:६-१२ पढ्नुहोस्। येशू ख्रीष्टको दोस्रो आगमनभन्दा पहिला मानिसहरू कसलाई आराधना गर्ने हो भन्ने विषयबस्तु नै निर्णायक विषय हो भनेर यी पदहरूले कसरी खुलासा गर्दछ? हेर्नुहोस्, "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, 'परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।' ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, 'पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।' ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, 'यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।' १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

## २. र आफ्ना सन्तानलाई सिकाऊ भनेर घोषणा गर

**पौराणिक इस्राएलको धार्मिक जीवनमा पुरानो करारको भजनसंग्रहले विस्तारै उल्लेखनीय भूमिका खेलेको थियो। प्रायजसो त्यसबेला भएका बाजागाजासाथै भजनसँग्रहका अध्यायहरू गीतको रूपमा प्रस्तुत गर्थै गाउँथे। तिनीहरूलाई कण्ठ पनि गरिन्थे। विशेष गरेर सार्वजनिक आराधनामा भजन गायनहरूसाथ भजन गाउँथे। पुरानो करारमा मानिसहरूले परमेश्वरको आराधेना कसरी गर्थे भनेर मूल कुरो थाहा पाउन त्यस आराधनामा सामेल गरिएको भजनको बारेमा बुझ्न जरुरी छ। सारा इस्राएली जातिहरू एक समूदायकोरूपमा**

**क्रियाशील हुन्थे र सार्वजनिकरूपमा परमेश्वरको आराधना गर्न सारा मानिसहरू समूदायकै रूपमा एक हुन्थे।**

**भजनसंग्रह खास गरेर कविताहरू थिए। तिनीहरूको छन्दहरूलाई गीत बनाएर गाउँथे। हिब्रू भाषामा भजनसँग्रहलाई *टेहिलिम Tehillim* भनिन्छ जसको अर्थ "स्तुति प्रशंसाका गीतहरू" हो। जब हामी गीत गाएर परमेश्वरको प्रशंसा गर्दछौं तब हामीले परमेश्वरको आराधना गर्दछौं। परमेश्वरको आराधनामा अरू कार्यक्रमहरू पनि थपिन सक्छ तर भजन गाउने आराधनाको मूख्य भाग हो।**

भजन ७८:१-१७ पढ्नुहोस्। यसमा के मूलभूत सन्देश छ र शिक्षा र आराधनाको मामिलाको प्रश्न यो भजन कसरी मिल्दछ? हेर्नुहोस्, "१ हे मेरा
प्रजा, मेरा शिक्षातिर कान लगाओ, मेरो मुखका वचनमाथि ध्यान देओ। २ म
मेरो मुख दृष्टान्तमा खोल्नेछु, प्राचीनका भेदका कुराहरू सुनाउनेछु, ३ ती जुन
कुराहरू हामीले सुनेका र जानेका छौं, र जुन कुरा हाम्रा पिता-पुर्खाहरूले
हामीलाई भनेका छन्। ४ हामी यी कुराहरू तिनीहरूका छोराछोरीहरूबाट
लुकाएर राख्नेछैनौं, तर आउने पुस्तालाई परमप्रभुका महिमामय कार्यहरू र
उहाँको सामर्थ्य अनि उहाँले गर्नुभएका आश्चर्यपूर्ण कामहरूको वर्णन गर्नेछौं।
५ उहाँले याकूबको निम्ति कानूनहरू कायम राख्नुभयो, र इस्राएलमा एउटा
व्यवस्था स्थापना गर्नुभयो। आफ्ना सन्तानहरूलाई यी कुरा सिकाऊन् भनेर,
उहाँले हाम्रा पिता-पुर्खाहरूलाई हुकुम दिनुभयो, ६ कि आउँदो पुस्ताले यी कुरा
जानून्, र अझ नजन्मेका शिशुहरूले पनि यी कुरा जानून्, र तिनीहरूले आफ्ना
सन्तानलाई पनि यी कुरा भनून्। ७ यसरी तिनीहरूले परमेश्वरमा भरोसा
राख्नेथिए, र उहाँका कार्यहरू बिर्सनेथिएनन्, तर उहाँका आज्ञाहरू पालन
गर्नेथिए। ८ तिनीहरू आफ्ना पिता-पुर्खाझैं हठी र विद्रोही पुस्ता नहोऊन्,
जसका हृदयहरू परमेश्वरतर्फ बफादार थिएनन्, र जसका आत्मा परमेश्वरतर्फ
विश्वस्त थिएनन्। ९ एफ्राइमका मानिसहरू धनुले सुसज्जित थिए, तर
लड़ाइँको दिनमा तिनीहरूले पिठिउँ फर्काए। १० तिनीहरूले परमेश्वरको
करार पालन गरेनन्, र उहाँको व्यवस्थामा चल्न इन्कार गरे। ११ तिनीहरूले
उहाँका कामहरूलाई बिर्से, ती आश्चर्य कामहरू जुन उहाँले तिनीहरूलाई
देखाउनुभएको थियो। १२ तिनीहरूका पिता-पुर्खाका नजरको सामुन्ने उहाँले
मिश्रदेशमा र सोअनको मैदानमा अचम्म-अचम्मका कामहरू गर्नुभयो। १३
उहाँले समुद्रलाई दुई भाग गर्नुभयो, र तिनीहरूलाई बीचबाट पारि डोऱ्याउनुभयो,
र उहाँले पानीलाई पर्खालझैं खड़ा गरिदिनुभयो, १४ दिउँसो उहाँले तिनीहरूलाई

बादलले र रातभरि अग्निको प्रकाशले अगुवाइ गर्नुभयो। १५ उहाँले उजाड-स्थानमा चट्टानहरूलाई दुई फ्याक पार्नुभयो, र सागरमा झैं प्रशस्त पानी पिउन दिनुभयो। १६ उहाँले चट्टानबाट पानीको धारा निकाल्नुभयो, र पानी नदीझैं बगाउनुभयो। १७ तर मरुभूमिमा तिनीहरू सर्वोच्च प्रभुको विरुद्धमा विद्रोही भई उहाँको विरुद्धमा पाप गरी नै रहे।"

**भजन ७८मा एउटा विशेष ठोस तत्व उल्लेख गरिएको छ। यो भजन आशाफलाई भजन गाउन दिइएको थियो। यसको पद २मा "प्राचिनका भेदका कुराहरू" भनेर नेपाली भाषामा उल्लेख गरिएको छ तर अङ्ग्रेजी भाषामा "dark sayings of old (KJ)" अर्थात "पौराणीक कालका अन्धकार भनाइहरू" भनेर अनुवाद गरिएको छ। "अन्धकार" भन्दा कुनै अपशकुन नभएर जब कुनै विगतको निर्णायक घट्नाहरू इतिहासमा पछाडि पर्दा पर्दा मधुरो वा बर्तमान पुस्ताले देख्न नसकिने वा बुझ्न नसकिने न त पढ्न आवश्यक भएको ठानेको हुन्छ। अरू अनुवादमा नेपालीमा समेत अन्धकारलाई "भेद", "रहस्य" वा "पुरानो मिठो सत्यहरू" (*मेसेज* अनुवाद) भनेर सम्बोधन गरिएको छ। यसमा के भन्न खोजिएको छ भने इस्राएलीहरूको शिक्षामा जे समावेश भएतापनि परमेश्वरका चुनिएका जातिको निम्ति परमेश्वरले कस्ता महान् कामहरू गर्नुभयो भन्ने कथाहरू समावेश भएका थिए।**

फेरि भजन ७८:६-१७ पढ्नुहोस्। इस्राएली आमाबाबु, अगुवा वा शिक्षकहरूले आफ्ना सन्तानहरूलाई के विशेष पाठहरू सिकाउनुपर्थ्यो? तिनीहरूले सिक्ने पाठको अन्तिम लक्ष्य के हो?

इस्राएलीहरूको शिक्षाप्रणालीमा धेरै उद्देश्यहरू छन्। ती उद्देश्यहरूमा तिनीहरूको सन्तानले परमेश्वरमाथि भरोसा राख्न र उहाँका आज्ञाहरू पालन गरोस् भन्ने एउटा मूख्य उद्देश्य थियो। प्रकाश १४:१२को अनुसार त्यही अवधारणालाई आज हामीलाई प्रतिबिम्ब गर्न सकिन्छ? हेर्नुहोस् "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

## ३ आत्मा र सत्य

**(येशूको सेवाकार्यले मानिस र मानिसको बीचमा भएका विभिन्न तगारोहरू जस्तै लैङ्गिक असमानता, जातिय र क्षेत्रिया भेदवाभ, राष्ट्रिय र अन्तराष्ट्रियको बीचमा सिमानाले गर्दा एक आपसमा अलग हुने परिस्थितिहरूलाई तोड्नुभएको थियो)। नयाँ करारमा दिएका उहाँको विभिन्न क्रियाकलापहरूको**

**लेखाजोखामा टुटिएका हृदयभएका मानिसहरूलाई पनि उहाँले सेवा गर्नुभएको भनेर लेखिएको छ। त्यसमा अत्यन्तै रोचक र गजबको विवरण येशू र एक जना सामारी स्त्रीको इनारमा भएको जम्का भेटघाटको कथालाई लिन सकिन्छ।**

यूहन्ना ४:१-२६ पढ्नुहोस्। परमेश्वरको आराधनाको बारेमा यहाँ येशूको धारणा कस्तो थियो? येशू र एक अपरिचित सामरी स्त्रीसँगको दोहोरो छलफलमा आराधना गर्ने विषयबस्तुमा छलफल गर्न कसरी पुगियो? हेर्नुहोस्, "१ यूहन्नाले भन्दा येशूले धेरै चेलाहरू बनाउँदैहुनुहुन्छ र बप्तिस्मा पनि दिँदैहुनुहुन्छ भन्ने फरिसीहरूले सुने। २ (वास्तवमा येशू आफैले त होइन, तर उहाँका चेलाहरूले बप्तिस्मा दिन्थे।) ३ जब येशूले यो थाहा पाउनुभयो, उहाँ यहूदिया छोड़ेर फेरि गालीलमा फर्कनुभयो।

४ उहाँलाई सामरिया भएर जानुपर्थ्यो। ५ र उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो। यो नगरचाहिँ याकूबले आफ्ना छोरा योसेफलाई दिएका जमिनको नजिकै पर्थ्यो। ६ त्यहाँ याकूबको इनार थियो। येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो। प्रायः मध्यान्ह भएको थियो। ७ एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई। येशूले त्यसलाई भन्नुभयो, 'मलाई पानी पिउन देऊ।' ८ उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए। ९ तब सामरी स्त्रीले उहाँलाई भनी, 'तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ?' (यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्।) १० येशूले त्यसलाई भन्नुभयो, 'तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।' ११ त्यस स्त्रीले उहाँलाई भनी, 'हजूर, तपाईंसित उघाउने भाँड़ो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ? १२ के तपाईं हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले, उनका सन्तान र उनका गाईबस्तुले यही इनारको पानी पिए।' १३ येशूले त्यसलाई भन्नुभयो, 'यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, १४ तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!' १५ त्यस स्त्रीले उहाँलाई भनी, 'हजूर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउनेछैनँ, र यहाँ पानी भर्न आइरहनुपर्दैन।' १६ येशूले त्यसलाई भन्नुभयो,

'जाऊ, तिम्रो श्रीमान्‌लाई बोलाएर ल्याऊ।' १७ त्यस स्त्रीले भनी, 'मेरो श्रीमान् छैन।' येशूले तिनलाई भन्नुभयो, 'तिम्रो श्रीमान् छैन भनी तिमीले ठीकै भन्यौ, १८ किनभने तिम्रा पाँच जना श्रीमान् भइसकेका छन्, र जो अहिले तिमीसँग छ, त्यो तिम्रो श्रीमान् होइन। तिमीले यो साँचो भनेकी हौ।' १९ त्यस स्त्रीले उहाँलाई भनी, 'हजूर, तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु। २० हाम्रा पुर्खाहरूले यस डाँड़ामा आराधना गरे, अनि तपाईंहरू भन्नुहुन्छ, कि आराधना गर्ने स्थान यरूशलेम हो।' २१ येशूले त्यसलाई भन्नुभयो, 'ए नारी, मलाई विश्वास गर, त्यो बेला आउँदैछ, जब तिमीहरू न त यस डाँड़ामा, न यरूशलेममा पिताको आराधना गर्नेछौ। २२ तिमीहरू जे आराधना गर्दछौ सो जान्दैनौ। हामी जे आराधना गर्दछौं सो जान्दछौं, किनभने मुक्तिचाहिँ यहूदीहरूबाट आउँछ। २३ तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। २४ परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।' २५ त्यस स्त्रीले उहाँलाई भनी, 'म जान्दछु, कि मसीह आउनुहुन्छ (जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ।' २६ येशूले तिनलाई भन्नुभयो, 'तिमीसँग बोल्ने, म उही हुँ।'

**त्यस स्त्रीले आराधनाको कुरा गरेर आफ्नो विषय बदल्न खोजेकी थिइन् तर उनको त्यो चाललाई माध्यम बनाएर येशूले आराधना र आराधनामा के सम्मिलित हुनुपर्छ भनेर केही अत्यन्तै सत्यहरू सिकाउनुभएको थियो। शायद हामीले अहिले हामीले बुझ्न तुरन्तै ध्यान दिनुपर्ने पद यूहन्ना ४:२४ हो जहाँ येशूले भन्नुभयो "परमेश्वर आत्मा हुनुहुन्छ र जसले उहाँको आराधना गर्छ उसले आत्मा र सत्यमा आराधना गर्नै पर्छ।" (रूपान्तरित)।**

**परमेश्वरको सत्य वा सही आराधना "आत्मामा वा आत्मियतामा" गर्नुपर्छ। अर्थात् परमेश्वरप्रतिको प्रेम हृदयबाट उब्जाएर उहाँको आराधना गर्नुपर्छ। त्यो त्यसबेला उम्रिन्छ जब हामीले उहाँलाई व्यक्तिगतरूपमै चिनेको अनुभव गर्दछौं। "परमेश्वरबाट आएको धर्ममात्रै त्यो धर्म हो जसले परमेश्वरतिर डोऱ्याउँछ। उहाँको सेवा गर्न हामी ईश्वरीय आत्मामा जन्मनै पर्छ। यसले हृदयलाई शुद्ध पार्दछ र दिमागलाई नविकरण दिइरहन्छ। त्यसले गर्दा परमेश्वरलाई चिन्न र प्रेम गर्न नयाँ खुबी प्रदान गर्छ। यसले गर्दा उहाँले**

निर्देशित गर्नुभएको सबै आज्ञाहरूको खुशीसाथ पालन गर्ने जोश मिल्दछ। यही नै सत्य आराधना हो। यो पवित्र आत्माले मानिसको जीवनमा काम गरिरहेको छ भन्ने प्रमाण दिने फल हो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. १८९बाट रूपान्तरित।

फेरि त्यसैखत आराधनामा आत्मियता र जोशमात्र भएर पुग्दैन तर "सत्यमा" गर्नुपर्छ। (अर्थात् सत्यले हाम्रो होसलाई सम्हाल्छ)। परमेश्वरको बारेमा सही वा सत्य आत्मज्ञान हुनु जरुरी छ। उहाँ को हुनुहुन्छ र हामीबाट उहाँले के अपेक्षा गर्नुभएको छ सो जान्नु जरुरी छ। त्यसको अर्थ शिक्षादीक्षा वा बाइबलले सिकाएका विभिन्न ज्ञानहरू जान्नु आवश्यक छ। (हामी त्यस परमेश्वरको आराधना गर्दैनौं जसले मानिसहरूलाई अनन्त समयमा आगोमा पोलिरहेको हुन्छ। यस्तो शिक्षाले कतिपय मानिसहरूलाई परमेश्वरबाट टाढा राखेको हुन्छ वा प्रेमले होइन डरले उहाँलाई विश्वास गर्न पुग्छन्। बाइबलका अत्यन्तै आवश्यक धार्मिक शिक्षाहरू जान्नु आवश्यक छ)।

त्यसकारण आराधनामा दुई तत्वहरू छन्: त्यो अनुभव हो जसले हामीलाई परमेश्वरलाई चिनाउँछ र उहाँको आज्ञा सिरोपर गर्न सघाउँछ। अनि जे जे कुराहरू सिक्छौं त्यसले परमेश्वरको बारेमा सिकाउने वा प्रकट गर्ने हुनुपर्छ। सत्यबिना केवल जोशलेमात्र परमेश्वरलाई विश्वास गर्न पुग्यो भने त्यसले केवल भावुकमात्र बनाउँछ। हामीमा हुने भावुक केवल क्षणिकमात्र हो र त्यो सेलाएर जान्छ। सत्य वा सही ज्ञानबिना केवल आवेगमा मात्र आएर परमेश्वरलाई विश्वास गर्दा वा झट्टै जोशले भरिएर येशूलाई विश्वास गरेर बप्तिस्मा लिन जाँदा जसरी बप्तिस्मा लिएपछि भिजेको लुगा सुक्छ त्यसरी नै परमेश्वरप्रति जगाएको आस्था पनि सुकेर जान्छ। तर फेर सत्य त छ, बाइबलको बारेमा धेरै ज्ञान छ र धेरै जान्नेभएको छ तर त्यसम आत्मियता भएन भने केवल औपचारिक विश्वासमात्र हुन्छ। त्यस्तोले रितिवाद वा विधिबाद धर्म उब्जाउँछ र त्यसमा कुनै जीवनको सार हुँदैन। त्यसकारण सत्य परमेश्वरको आराधना गर्न हामीलाई दुवै आत्मियता र सत्य चाहिन्छ।

परमेश्वरको सही आराधना वा उपासनाको बारेमा सिकाउँदा "आत्मामा र सत्यमा" हुनुपर्छ भनेर तपाईंले कसरी सिकाउनुहुन्छ? कतिपय समयमा ती दुवै तत्वहरू असंतुलित हुन सक्छ तर तिनीहरूलाई संतुलनमा राखेर परमेश्वरको आराधना गर्नुपर्छ भनेर कसरी बुझ्ने?

## ४. परमेश्वरको पवित्रताको सौन्दर्यता

१ इतिहास १६ पढ्नुहोस्। त्यहाँ भइरहका दृष्यहरूको बारेमा कल्पना गर्नुहोस्। तपाईंले आफ्नो दिमागमा त्यहाँ भइरहेको गतिविधिको चित्रण गर्नुहोस्। के त्यो समय गम्भिर, श्रद्धामय, परमेश्वरप्रतिको आस्थाले गर्दा भयपूर्ण थियो कि चाडपर्व जस्तै रमझम रमाइलो थियो? तर ती दुवै वातावरणको केही हदसम्मको समिश्रण भएको हुनसक्छ होला? त्यहाँ भइरहेको दृष्यले परमेश्वरको आराधना कस्तो रहेछ भनेर हामीले कसरी सिक्न सक्छौं? परमेश्वरको आराधना भनेको के हो भनेर हामीले त्यबाट के सिकाउन सक्छौं र आरधनाको अनुभव हामीले कसरी गर्न सक्छौं? हेर्नुहोस्, "१ तिनीहरूले परमेश्वरको सन्दूक ल्याएर त्यसको निम्ति दाऊदले टाँगेको पालभित्र राखे, र तिनीहरूले परमप्रभुलाई होमबलि र मेलबलि चढ़ाए। २ जब दाऊदले यी बलिदानहरू चढ़ाइसके, तब तिनले परमप्रभुको नाउँमा मानिसहरूलाई आशीर्वाद दिए, ३ र हरेक इस्राएली, पुरुष र स्त्रीलाई एउटा-एउटा रोटी, एक डल्लो खजूर र एक झुप्पा किशमिश खान दिए। ४ परमप्रभुका सन्दूकको सामुन्ने सेवा गर्न, उहाँलाई अन्तर्बिन्ती र धन्यवाद चढ़ाउन र परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा र स्तुति गर्न दाऊदले कुनै-कुनै लेवीलाई नियुक्त गरे। ५ तिनीहरूका मुखिया आसाप थिए, तिनीपछि दोस्रा जकरिया, र त्यसपछि सारङ्गी र वीणा बजाउने यीएल, शमीरामोत, यहीएल, मत्तित्याह, एलीआब, बनायाह, ओबेद-एदोम र यीएल थिए। आसापले चाहिँ झ्याली बजाउँथे। ६ अनि परमेश्वरका करारको सन्दूकको अगि निरन्तर तुरही बजाउन बनायाह र यहासेल पूजाहारीहरू नियुक्त भएका थिए। ७ त्यस दिन आसाप र तिनका कुटुम्बहरूलाई परमप्रभुको निम्ति धन्यवाद चढ़ाउन दाऊदले पहिलो पल्ट नियुक्त गरेः ८ परमप्रभुलाई धन्यवाद चढ़ाओ, उहाँका नाउँको पुकार गर, जातिहरूका बीचमा उहाँले गर्नुभएका कार्यहरू प्रचार गर। ९ उहाँको निम्ति गाओ, उहाँको प्रशंसाको स्तुति गाओ, उहाँका सबै आश्चर्यकर्महरूको बयान गर। १० उहाँको पवित्र नाउँमा तिमीहरू गौरव गर, परमप्रभुलाई खोज्नेहरूको हृदय आनन्दित होस्। ११ परमप्रभु र उहाँका शक्तिको खोजी गर, उहाँको दर्शन निरन्तर खोज। १२ उहाँले गर्नुभएका अचम्मका कामहरू स्मरण गर, उहाँका आश्चर्यकर्म र उहाँले सुनाउनुभएका फैसलाहरू स्मरण गर, १३ हे उहाँका दास इस्राएलको वंश, हे याकूबका सन्तान, उहाँका चुनिएकाहरू हो। १४ उहाँ परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ,

समस्त पृथ्वीमा उहाँका फैसलाहरू रहन्छन्। १५ उहाँ आफ्नो करार सदा
स्मरण गर्नुहुन्छ, ती आज्ञाहरू, जो उहाँले हजार पुस्ताहरूलाई दिनुभएको थियो,
१६ त्यही करार, जो उहाँले अब्राहामसित बाँध्नुभयो, त्यही शपथ, जो उहाँले
इसहाकसँग गर्नुभएको थियो, १७ जो उहाँले आदेशको रूपमा याकूबसित पुष्टि
गर्नुभयो, र इस्राएलसँग यसो भनेर अनन्त करारको रूपमा बाँध्नुभयोः १८
'तँलाई म कनान देश दिनेछु, त्यो उत्तराधिकार तेरो अंशमा पर्नेछ।' १९ जब
तिनीहरू गन्तीमा थोरै मात्र थिए, साह्रै थोरै, र त्यसमा पनि विदेशी थिए, २०
तिनीहरू एक जातिबाट अर्को जातिमा, र एक राज्यबाट अर्को राज्यमा फिरन्ता
भई हिंड्थे। २१ उहाँले कसैलाई पनि तिनीहरूमाथि अत्याचार गर्न
दिनुभएन। तिनीहरूका खातिर उहाँले राजाहरूलाई पनि यसो भनेर
हप्काउनुभयो, २२ 'मेरो अभिषेक भएकाहरूलाई नछोओ, र मेरा
अगमवक्ताहरूलाई केही हानि नगर।' २३ हे सारा पृथ्वीका मानिस हो,
परमप्रभुको निम्ति गाओ, दिनहुँ उहाँले दिनुभएको उद्धारको घोषणा गर। २४
जातिहरूका बीचमा उहाँका महिमाको घोषणा गर, सारा मानिसहरूका बीचमा
उहाँका अचम्मका कामहरूको वर्णन गर। २५ किनकि परमप्रभु महान्
हुनुहुन्छ, उच्च प्रशंसाको योग्यका हुनुहुन्छ, सारा देवताहरूभन्दा बढ़ी उहाँकै
डर राख्नुपर्छ। २६ किनकि जातिहरूका सबै देवहरू केवल मूर्ति मात्र हुन्,
तर परमप्रभुले त स्वर्ग सृष्टि गर्नुभयो। २७ प्रताप र गौरव उहाँको सम्मुख
छन्, उहाँको वासस्थानमा शक्ति र महिमा छन्। २८ जाति-जातिका परिवार
हो, परमप्रभुलाई चढ़ाओ, परमप्रभुलाई महिमा र शक्ति चढ़ाओ। २९
परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा चढ़ाओ, भेटी लिएर उहाँको सामु
आओ। उहाँका पवित्रताको वैभवमा परमप्रभुलाई दण्डवत् गर, ३० हे सारा
पृथ्वी, उहाँको सामु थरथरी होओ। संसार स्थिर रूपले स्थापित भएको छ,
त्यसलाई हल्लाउन सकिंदैन। ३१ स्वर्ग आनन्दित होस्, र पृथ्वी रमाओस्,
जाति-जातिहरूका बीचमा मानिसहरूले यसो भनेर प्रचार गरून्, 'परमप्रभु नै
राज्य गर्नुहुन्छ।' ३२ समुद्र र तिनमा भरिएका सबै थोकले हर्षनाद गरून्।
खेत र त्यसमा भएका सबै कुरा उल्लसित होऊन्। ३३ तब जङ्गलमा भएका
वृक्षहरू गाउनेछन्, तिनीहरू परमप्रभुको सम्मुख आनन्दले गाउनेछन्, किनकि
उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ। ३४ परमप्रभुलाई धन्यवाद देओ,
किनभने उहाँ भला हुनुहुन्छ, उहाँको प्रेम सदासर्वदा रहिरहन्छ। ३५ यसो
भनेर कराओ, 'हे हाम्रा उद्धारक परमेश्वर, हामीलाई बचाउनुहोस्। हामीलाई

एकसाथ भेला गर्नुहोस्, र जाति-जातिहरूबाट छुटकारा दिनुहोस्, र हामी तपाईंको पवित्र नाउँमा धन्यवाद दिन सकौं, र तपाईंको प्रशंसामा हामी गर्व गरौं।' ३६ परमप्रभु इस्राएलका परमेश्वरको सदासर्वदै प्रशंसा होस्। तब सबै मानिसहरूले भने, 'आमेन, र परमप्रभुको स्तुति होस्।' ३७ दाऊदले प्रतिदिनको कामअनुसार निरन्तरको सेवा गर्न त्यहाँ परमप्रभुका करारको सन्दूकको सामु आसाप र तिनका कुटुम्बहरूलाई नियुक्त गरेर राखे। ३८ तिनले द्वारपालको काम गर्ने यदूतूनका छोरा ओबेद-एदोम र होसालाई र ओबेदएदोमका अठसट्ठी कुटुम्बहरू आसापसँग सेवा गर्न खटाए। ३९ इस्राएलीहरूलाई परमप्रभुको सेवा गर्न व्यवस्थामा लेखिएबमोजिम बिहान र बेलुकी परमप्रभुको निम्ति होमबलि वेदीमा चढ़ाउन ४० दाऊदले सादोक पूजाहारी र तिनका सङ्गीपूजाहारीहरूलाई गिबोनमा भएको पूजा गर्ने डाँड़ाको थानमा परमप्रभुको पवित्र वासस्थानको सामु रहनलाई खटाए। ४१ तिनीहरूसँगै हेमान र यदूतून र नाउँनाउँ गरी चुनिएका मानिसहरू परमप्रभुलाई धन्यवाद चढ़ाउन खटाइए, 'किनभने उहाँको प्रेम सदासर्वदै रहिरहन्छ।' ४२ पवित्र भजनको निम्ति तुरहीहरू र झ्यालीहरू र अरू बाजाहरू बजाउने जिम्मा हेमान र यदूतूनलाई दिइएको थियो। यदूतूनका छोराहरूले मूल ढोकाको देखरेख गर्थे। ४३ तब सबै मानिसहरू आफ्नो-आफ्नो घर फर्के, र दाऊदचाहिँ आफ्नो परिवारलाई आशीर्वाद दिन गए।"

**जुन ठाउँमा आराधनाको निम्ति स्थल बनाइएको थियो नै पवित्र बासस्थान वा पाल थियो। पौराणिक इस्राएलमा परमेश्वरको उपस्थिति त्यस पवित्र पालले जनाएको थियो। यही ठाउँमा तिनीहरूलाई मुक्तिको योजना प्रकट गरिएको थियो। जब पवित्र मन्दिरमा आराधना गर्ने समयमा विविन्न विधिहरू अपनाइन्थ्यो तब त्यसको र आराधनाको शिक्षाको केन्द्रविन्दु येशू र मुक्तिको योजना हुनुपर्थ्यो। पवित्र मन्दिरमा गरिने सबै सेवाकार्यहरूले येशूको जीवन र मृत्युलाई औंल्याइएको थियो। परमेश्वरले हाम्रो निम्ति जे गर्नुभएतापनि उहाँ हाम्रो स्तुतिप्रशंसा र आराधनाको योग्य हुनुहुन्छ तर त्यसमा येशूको बलिदान र हाम्रो निम्ति क्रुसमा मर्नुभएकोबाट उपलब्ध हुने अनन्त जीवनको आशा पनि समावेश हुनुपर्छ। मुक्तिको योजनाको आशा बिना कुनै पनि उपासना वा आराधनाको अर्थ हुँदैन।**

सारा संसारले इस्राएलको परमेश्वरको बारेमा सिक्नुपर्छ भन्ने विश्वव्यापी सुसमाचारको आह्वानलाई गहिरिएर ख्याल गर्नुहोस्।

१ इतिहास १६:२९लाई हेर्नुहोस्: "परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा चढ़ाओ, भेटी लिएर उहाँको सामु आओ। उहाँका पवित्रताको वैभवमा परमप्रभुलाई दण्डवत् गर।" पवित्रताको वैभव वा सौन्दर्यता भनेको के होला?

सुरुमा पापको बारेमा सोच्ने मानिसले पाप कस्तो कुरुप, बिध्वंसात्मक र गिरिएको भनेर सोच्ला। तत्कालिन इस्राएलका छिमेकी देशहरूले धर्मको नाउँमा अनेकौं विभिन्न भयाभव कुप्रथा, रीतिथिती, संस्कार आदि चलाएका थिए। तिनीहरूमा नरबलि अर्थात् बालबालिकाहरूलाई बलि दिने वा आगोमा फ्याँक्ने पनि गरिन्थ्यो। अनि मानिसहरूले जस्तो खालको देवीदेवताहरूलाई पूजा गरे त्यस्तै खालको मनस्थिति वा क्रुर हृदयका स्वभावहरूले तिनीहरू ग्रस्त भएका थिए। तिनीहरूको बिपरित इस्राएल राज्य पवित्र राष्ट्र हुनुपर्थ्यो। तिनीहरूको छिमेकी देशका विभिन्न दुष्ट संस्कारहरूबाट तिनीहरू अलग हुनुपर्थ्यो। तिनीहरूको हृदयमा र दिमागमा पवित्र हुनुपर्थ्यो। तिनीहरूको त्यस पवित्र मनस्थितिले गर्दा नै तिनीहरूको आराधना अर्थपूर्ण र परमेश्वरको वैभता गाँसिएको हुन्थ्यो। ती इस्राएलीहरू जसले परमेश्वरको आराधना पनि गर्थे तर अनेकौं भ्रष्ट क्रियाकलापमा संलग्न भएको र तिनीहरूका हृदयहरू परमेश्वरबाट टाढा भएको छ भनेर बारम्बार पुरानो करारका अगमवक्ताहरूले तिनीहरूको विरुद्धमा बुलन्द आवाजहरू उठाएका थिए।

## ५. शिक्षामा मूर्तीपूजा

पौराणिक इस्राएल धरै धार्मिक मानिसहरूले घेरिएका थिए। तिनीहरूले पूजा गरेका देवीदेवताहरूप्रति अत्यन्तै समर्पीत र तिनीहरूलाई रिझाउन भरमग्दुर प्रयास गर्दथे। ती देवीदेवताहरूलाई खुशी पार्न आफ्ना छोराछोरीहरूलाई पनि आगोमा नै होमेर किन नहोस् बलि दिन तयार थिए। तिनीहरू कस्तो सम्पर्पित थिए, थिएन त?

त्यसकारण, हाम्रो लागि आराधना वा सत्य आराधना भनेकै सत्य परमेश्वरको आराधना हो। सत्य आराधना, हिब्रूहरूलाई घेरिएको मूर्तीपूजा र गलत आराधनाबाट तिनीहरूलाई सुरक्षित राख्न तिनीहरूको जीवनको महत्त्वपूर्ण भाग थियो। यद्यपि, अनेकौं ती धार्मिक क्रियाकलाप बिरुद्धमा दिइएको चेतावनीको बाबजुद पनि तिनीहरू परमेश्वरलाई विश्वास नगर्ने मूर्तीपूजा गर्ने धर्म र संस्कारहरूको धरापमा तिनीहरू स्वइच्छाले फसेका थिए।

**त्यो त पौराणिक इस्राएलको कथा हो, तर आज हाम्रो बारेमा हामि के भन्ने? विशेष गरेर आजको मूर्तीपूजाको खतराबाट जोग्न वा त्यससँग सामना गर्न सत्य परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो भनेर बारम्बार सम्झिनु र उहाँको आराधना गर्नु हाम्रो निम्ति पनि किन महत्त्वपूर्ण मान्नु पर्छ?**

मर्कूस ७:१-१३ पढ्नुहोस्। विशेष गरि आजको सन्दर्भमा चल्न पद ७-९मा के नीति दिइएको छ जसमा इसाई शिक्षामा लागु हुन्छ? संसारको वा कठित इसाई धर्म नै किन नहुन् सेरोफेरोमा लागेर गलत शिक्षादीक्षालाई हाम्रो दिमागमा भित्राउँदा हाम्रो आस्था अनुसार नचल्न त्यसले कस्तो नकारात्मक प्रभाव पार्न सक्छ? हेर्नुहोस्, "१ यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू येशूका चारैतिर भेला भए। २ येशूका कतिपय चेलाहरूले अशुद्ध हात, अर्थात् नधोएको हातले खाएका तिनीहरूले देखे। ३ फरिसीहरू र सबै यहूदीहरू तिनीहरूका पुर्खाहरूले दिएका परम्पराअनुसार हात नधोई भोजन खाँदैनन्। ४ बजारबाट आएपछि स्नान गरेर शुद्ध नभई तिनीहरू खाँदैनन्। यति मात्र होइन, तिनीहरूले यस्ता धेरै अरू परम्परा मान्दछन्, अर्थात् कचौराहरू, भाँड़ाहरू र काँसोका भाँड़ाहरू धुने परम्परा। ५ तब फरिसीहरू र शास्त्रीहरूले उहाँलाई सोधे, 'तपाईंका चेलाहरू पितापुर्खाले राखिदिएका परम्परामा किन चल्दैनन्, तर अशुद्ध हातले खान्छन्? ६ तब उहाँले तिनीहरूलाई भन्नुभयो, 'यशैयाले तिमी कपटीहरूका विषयमा ठीकसँग यसरी अगमवाणी गरे, जस्तो लेखिएको छ, 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मदेखि टाढ़ा छ। ७ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्।' ८ तिमीहरू परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरूका परम्परा मान्छौ।' ९ उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू आफ्ना परम्परा मान्नलाई कति धूर्ततासँग परमेश्वरको आज्ञालाई टारिदिन्छौ। १० किनभने मोशाले भनेका छन्, 'आफ्ना आमा-बुबालाई आदर गर, र जसले आमा-बुबाको विरुद्धमा दुष्ट कुरा बोल्छ त्यो मारिनैपर्छ।' ११ यदि कुनै मानिसले आफ्ना बुबा वा आमालाई 'मबाट जे-जति मद्दत तपाईंहरूलाई मिल्नुपर्ने त्यो कुर्बान हो (अर्थात् परमेश्वरलाई चढ़ाइएको) भन्छ भने, १२ तिमीहरू त्यसलाई आफ्ना आमा-बुबाको निम्ति फेरि केही गर्न दिँदैनौ। १३ यसरी तिमीहरू आफ्नो चलिआएको परम्परालाई कायम राखेर परमेश्वरको वचनलाई चाहिँ रद्द तुल्याउँछौ। अनि यस्तै अनेक कामहरू तिमीहरू गर्दछौ।"

आजभोलिको संसारमा महान् बौद्धिक धारणा वा दर्शनहरू, अनेकौं प्रख्यात पुस्तकहरू मानिसहरूले नै देखेका प्राकृतिक धारणामा आधारित कुराहरू वास्तविक भनेर प्रस्तुत गरिरहेकाछन्। आजभोलि शिक्षण संस्थानहरूमा शिक्षाका धेरै विषयबस्तुहरू तिनीहरूकै दृष्टिकोण अनुसार सिकाउँदछ जुन प्रायजसो धर्मशास्त्र बाइबलको बिपरित ज्ञानहरू छनु। मानिसहरूका धारणाहरूलाई आत्मसात् गरेर तिनीहरूकै दर्शनहरूलाई पालन गरेर हामीहरूले परमेश्वरलाई भन्दा मानिसहरूका दर्शन, धारणा वा वौद्धिक बिचारहरूलाई भगवान मानेर पूरा गर्ने प्रलोभनमा हामी फस्न सक्दछौं। धर्मशास्त्रको बिपरित सिकाउने दार्शनिक, वैज्ञानिक, गणतज्ञ आदिहरूका प्रतिभाशाली दिमागहरूलाई भगवान जस्तो मानेर तिनीहरूको सामु झुक्न सक्दछौं वा  पूजा गर्न सक्दछौं। कतिपय धारणाहरू राम्रै होला तर प्रायजसो ती धारणाहरू धर्मशास्त्रको ज्ञानसँग बाझिएको हुन्छ र अहिले तिनीहरू सत्य हो भनेर विश्वास गर्दछन् र कतिपय इसाई शिक्षामा नै तिनीहरू समावेश भएका छन्। इसाई भनाउँदा विद्वान वा शिक्षाविदहरूले पनि आफ्नो आस्थासँग सम्झौता गरेर बाइबललाई बँग्याउँदछन र तोडमोड गर्छन्। तिनीहरूले बाइबललाई नै तिनीहरूको  ढाँचामा वा तिनीहरूले चाहेको अनुसार वर्तमान धारणाहरूसँग मिलाउन चाहन्छन्।

धर्मशास्त्र बाइबलसँग बाझिने आजभोलिका केही धारणा वा विश्वासहरू के के हुन् र हाम्रै शिक्षाप्रणालीमा तिनीहरूलाई समावेश गराएर हाम्रो आस्थामा आँच नआओस् भनेर हाम्रो चर्चलाई सुरक्षित राखेर हामी नै कसरी सुरक्षित हुने?

## उपसंहारः

थप जानकारीः "सबै कुरोभन्दा मानिसको हृदय धोखेवाज छ र अत्यन्तै दुष्ट छ। आफू परमेश्वरप्रति अगाढ आस्थाम छ कि छैन भनेर धार्मिक प्रोफेसर वा शिक्षकहरूले आफूले आफैलाई नजिकै जाँच्न चाहन्न। यो भयावह तथ्य होकि धेरै मानिसहरू गलत आशामा भरपरिरहेका छन्। कतिपयले धेरै वर्ष अघि अनुभव गरेका कुराहरूमा ढलेर बस्दछन्। दिनदिनै सत्यहरुलाई हृदयले खोज्न चाहन्छ र अनुभव गर्न चाहन्छ तर त्यसलाई दवाउँछन् जसले गर्दा सत्यबाट नयाँ कुराहरू बाँड्न केही हुँदैन। कतिपयले भन्छ सत्यलाई स्वीकार गऱ्यो भने तिनीहरूले मुक्ति पाइ हाल्छ नी। जब परमेश्वरको निम्ति वाक्क हुने पापहरूलाई कुल्चाउँछन् तब येशू तपाईंमा आउनुहुन्छ र तपाईंसँग खाना खानुहुन्छ। अनि तपाईंले येशूबाट दैविक शक्ति पाउनुहुनेछ, उहाँसँग बढ्नुहुनेछ

**र पवित्र विजयसाथ तपाईंले भन्न सक्नुहुनेछ, " येशू ख्रीष्ट पाएको बिजयको शक्तिको निम्ति परमेश्वरलाई धन्य होस्। मनतातो वा होकि होइन भनेर येशूलाई विश्वास गर्ने धर्मका शिक्षकहरूले उहाँको नाउँ कहिल्यै नलिएको भए उहाँ खुशी हुनुहुन्थ्यो। येशू ख्रीष्टलाई सच्चा हृदयले पछ्याउनेहरूका निम्ति ती देखावटी इसाई गुरुहरू निरन्तररूपमा भारि भइरहेको हुन्छ। विश्वास नगर्नेहरूको निम्ति तिनीहरू ठेस खाने ढुङ्गा हुन्छन् र दुष्ट स्वर्गदूतहरू तिनीहरूदेखि अत्यन्तै रमाएको हुन्छ। तिनीहरूले तिनीहरूको भ्रष्ट कामले परमेश्वरका स्वर्गदूतहरूको खिसी गर्दछन्। यस्ता देखावटी इसाई शिक्षक वा धर्मगुरुहरू घरमा होस् वा जहीं पनि श्राप हुन जान्छन्। तिनीहरूले मुखलेमात्र परमेश्वरको प्रशंसा गर्छन् तर तिनीहरूका हृदयहरू परमेश्वरबाट टाढा छन्।"- एलेन जी ह्वाइट, *स्पिरिच्युल गिफ्टस्,* ठेली २, पृ. २२७बाट रूपान्तरित।**

**चिन्तनमनन:**

अ. गलत आराधनाको मूल कारण नै मानिसको मनको समस्या हो भनेर मर्कूस ७:१-१३बाट हामी कसरी सिक्छौं? यदि हाम्रो हृदयबाट परमेश्वरलाई पुकारेको छैन भने केवल मुखलेमात्र स्तुती गाएको, प्रार्थना गरेको, वचन सिकाएको उहाँले वास्ता गर्नुहुन्न। हाम्रो निम्ति सुसमाचार र येशूको मृत्युको कथालाई हृदयमा राख्न सकियो भने परमेश्वरलाई सच्चारूपमा प्रेम गर्ने हृदयको ढोका अत्यन्तै प्रभावकारीरूपमा कसरी खोलिन्छ?

आ. "आत्मा र सत्यले" परमेश्वरको आराधना गर्नुपर्छ भन्ने कथनको बारेमा अझ धेरै सोच्नुहोस्। के कोही सत्यले आराधना गर्छ तर त्यसमा आत्मा वा जोश नहुन सक्छ? कसरी दुवैलाई संतुलनमा राखेर परमेश्वरको आराधना गर्नुपर्छ? किन?

इ. हो, यदि हामीले परमेश्वरको सत्यतरिकाले आराधना गर्न चाहन्छौं भने हाम्रो हृयद ठीक हुनुपर्छ। तर यसको अर्थ के हो? के तपाईं परमेश्वरसँग सिद्ध वा परपक्व भएपछि, तपाईंको जीवन ठीकठिक भएपछिमात्रै परमेश्वरको आराधना गर्न सकिन्छ? अर्को अर्थमा भन्ने हो भने सत्य वा उचित आराधनाले तपाईंको हृदय परमेश्वरसँग कसरी ठीक ठाउँमा राख्न सकिन्छ?

## कथा ७
## मधुरो सुरिलो आवाज
## बिलबर पेरियरा, ४४, भारत

विलबर परियरा एउटा कारमा लामो दुरीको यात्रा गर्दै थियो। त्यसबेला ३० वर्ष पछि भेटेको भतिजासँग कारमा यात्रा गर्न पुगेको थियो। तिनीहरू मध्य-दक्षिण भारतको एउटा सहरमा हुने विवाह समारोहमा जाँदै थिए। तिनीहरू गन्तव्य स्थानमा पुगेपछि विलबरकी श्रीमतिले उनलाई फोन गरि र उसको यात्रा कस्तो भयो भनेर सोधेकि थिइन्। यात्रा अत्यन्तै रमाइलो भयो। परमेश्वरलाई धन्यवाद होस् भनेर विलबरले आफ्नी श्रीमतीलाई जवाफ दियो। भतिजा, वाल्टर, अचम्म मानेर विलबरलाई नियाल्यो। भारतमा धेरै मानिसहरू येशूलाई विश्वास गर्दैन। "तपाईंको धर्म के हो?" भतिजाले विलबरलाई सोध्यो। आफू सानैदेखि इसाई चर्चमा आइतबार नियमितरूपमा गइरहेको तर त्यस चर्चको धेरै शिक्षासँग विवाद भएकोले त्यस चर्चमा आफू जान छोडेको विलबरले आफ्नो भतिजोलाई बतायो। "सबैले कुनै न कुनै किसिमको मूर्तीलाई पूजा गर्छ। बाइबलले भन्छ 'म तिम्रो परमेश्वर हुँ, मेरो अगाडि तिमीले कुनै देवीदेवता नमान्नु।' तर म जाने चर्चले मरियम, सन्तहरू र धेरै मूर्तीहरूको आराधना गर्छन्। म सत्यलाई खोज्दैछु" विलबरले जवाफ दिए। "चिन्ता नगर्नुहोस्। एकदिन तपाईंलाई सत्य चर्चमा परमेश्वरले अगुवाइ गर्नुहुनेछ। तपाईं सत्यको नजिक हुनुहुन्छ" वाल्टरले जवाफ दियो। विवाह पछि ठूलो भोजको कार्यक्रमको आयोजना गरिएको थियो। त्यस भोजमा शाकाहारीमात्र खाना थियो। त्यहाँ कुनै बँगुको मासु र अरू मासुको परिकार नभएकोले विलबर निराश भएको थियो। विलबर घर फर्केपछि उसले सत्यको खोजि गर्दै रह्यो। आफ्नो सहर बङ्गलोरमा येशूलाई नपुज्ने ठाउँहरूमा गयो। उनलाई थाहा थियो जीवित, सनातन, सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ तर मानिसका हातले बनाएको र सृष्टि परमेश्वर कदापि होइन। उसले खोज्दै रह्‍यो। विलबर आफ्नो बालककलाको चर्च बाइबलको शिक्षाबाट टाढा भइरहेको महसुस गर्न थाल्यो। एक दिन शनिबार उसले आफ्नी श्रीमतीलाई भन्यो कि उनीसँग चर्चमा आफू नजाने। "तिमीसँग म चर्चमा अबदेखि जाँदिन। यो सत्य चर्च होइन। यहाँ त हिन्दु देविदेवताहरूलाई जस्तो मूर्तीहरूलाई पुजा गर्छ। यसले बाइबल अनुसार चल्दैन।" भनेर आफ्नो भावना विलबरले व्यक्त

गऱ्यो। त्यस दिन बेलुका उनको श्रीमती नान्सी आफ्ना परिवारका सदस्यहरूलाई बोलाइन् र आफूसँग विलबर चर्च जाओस् भनेर सम्झाउन तिनीहरूलाई अनुरोध गरिन्। तर विलबर आफ्नो अडानमा अडिग थियो। फेरि त्यसै वखत बङ्गलोरमा कुन चर्चमा जाने भनेर पनि सोचिरहेको थियो। भोलिपल्ट बिहान आफू कुन चर्चमा जाने भनेर सोच्दै दिउँसोको खाजको लागि खानेकुराहरू किन्न गइरहेको थियो। अचानक उसले एउटा मधुरो पुरुषको आवाज सुन्यो। "तिम्रो भतिजोलाई फोन गर्नु" त्यस आवाजले भन्यो। विलबरले वास्ता गरेन र ऊ हिंडिरह्यो। "तिम्रो भतिजोलाई फोन गर्नु" फेरि त्यस आवाजले भन्यो। विलबर टक्क उभ्यो। "तिम्रो भतिजोलाई फोन गर्नु" फेरि त्यही आवाज आयो। अनि आफ्नो मोबाइल झिकेर वाल्टरलाई फोन गऱ्यो। आफ्नी श्रीमतीसँग चर्चको बारेमा कचकच भएको भतिजोलाई बताएपछि ऊ कुन चर्चमा जान्छ भनेर सोध्यो। "म त सेभेन्थ-डे एडेन्टिस्ट चर्चमा जान्छु" वाल्टरले जवाफ दियो। विलबरले बङ्गलोरको एडभेन्टिस्ट चर्च देखेको थियो तर त्यस चर्चको बारेमा उसलाई केही थाहा थिएन। विलबर त्यस चर्चभित्र पस्यो र हप्ताको तीन दिन बाइबल अध्ययन क्लासमा सरिक हुन कुरा मिलायो। अर्को शनिबाल विलबर बङ्गलोरको हामइस्ट्रिट सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गयो। त्यहाँ साबथ स्कूलको क्लास उसलाई साऱ्है मन परायो। एडभेन्टिस्ट चर्चप्रति आफू आकर्षित भएको र प्रत्येक शनिबार त्यहीं जाने आफ्नो प्रतिवद्धता श्रीमतीलाई जनायो। नान्सीले त्यस नयाँ विश्वासको घोर बिरोध गरिन् र दिनदिनै आफ्नो श्रीमानसँग कचकच गरिन्। तर आफ्नो श्रीमानको जीवनशैली बिस्तारै परिवर्तन भएको देखेर उनलाई अचम्म मान्दै आयो। ऊ चुरोठ खान्थ्यो र रक्सी पिउँथ्यो। विलबरले त्यो सबै गर्न छोडयो। साबथको लागि एकदिन अघि नै श्रीमानले खाना तयार गरेको उनलाई अचम्म लाग्यो। दुध पदार्थ र अण्डाहरू उसले किन खान छोड्यो र आफ्नो छोरोलाई पनि दिन किन छोड्यो त्यो उनले बुझ्न सकेनन्। आफ्नो सबै क्रियाकलापले परमेश्वरको आदर गर्न चाहन्छु भनेर विलबरले आफ्नी श्रीमतीलाई भन्यो। बाइबलले भनेकै अनुसार शनिबारलाई परमेश्वरको पवित्र दिन साबथ भनेर पालन गर्ने र आफ्नो शरीर परमेश्वरको मन्दिर हो भनेर त्यसलाई जतन गर्ने प्रतिवद्धता आफ्नी श्रीमतीलाई सुनायो। उसको शरीर र स्वास्थ आफ्नो भन्दा राम्रो भएको उनले स्वीकार गर्न वाध्य भएको थियो। उनलाई घाँटी दुख्ने रोगले सताएको थियो। जब एकदिन एडभेन्टिस्ट चर्चले

सित्तैं स्वास्थ उपचार क्लिनिकको आयोजना गऱ्यो तर विलबरले आफ्नी श्रीमतीलाई आफूसँग त्यहाँ जान अनुरोध गऱ्यो। कसरी निरोगी हुने वा असल स्वस्थ जीवन बिताउने भनेर त्यस चर्चले कार्यक्रम आयोजना गरेको थियो। जब त्यस कार्यक्रममा एक जना डाक्टरले आत्मिक जीवन स्वस्थ राख्न शारीरिक जीवन पनि स्वस्थ हुनुपर्छ भनेर सुनाए तब नान्सीको हृदय छोएको थियो। उनको निम्ति यो नौलो कुरो थियो। आफ्नो चर्चमा त्यस्तो कुरा सिकाउँदैनथ्यो। घरमा पुगेपछि आफन्तहरूलाई खुशी मान्दै त्यस क्लिनिकमा सहभागी हुन अनुरोध गरिन्। अर्को साबथ नान्सीलाई आफूसँग चर्चमा आउन विलबरले अनुरोध गर्दा उनी मानिनन् तर आफ्नो छोरो पहिलोपल्ट उसको बुबासँग चर्च जान उनले अनुमति दिइन्। बालबालिकाको निम्ति गरेको साबथ स्कूल कार्यक्रम र सेवापछि सबै मिलेर खाएको त्यस छोरोलाई मनपऱ्यो। घरमा पुगेपछि आफ्नो आमालाई सबै कुरो एकदम जोशिलो पाराले उसले भन्यो। उनको उत्सुकता जाग्न थाल्यो। एक दिन आफूलाई पनि बाइबल अध्ययन गर्न चाहेको चाहना उनले व्यक्त गरिन्। केही दिनको बाइबल अध्ययन पछि उनले साबथको बारेमा सिकेपछि आफू पनि साबथ पालन गर्ने तुरन्त निधो दिइन्। "मैले कामै छोड्नुपरेतापनि अबदेखि साबथमा म काम गर्दिन" उनले सङ्गतिमा आफ्नो प्रतिवद्धता जनाइन्।

आजभोली विलबर र नान्सी स्वास्थ कर्मी भएका छन्। तिनीहरूले भारतको ठाउँ ठाउँमा मानिसहरूलाई सुस्वास्थको बारेमा कार्यक्रम आयोजना गर्दै स्वास्थको बारेमा शिक्षित बनाइरहेका छन्। "आवश्यक परेका मानिसहरूकहाँ हामी जान्छौं। तिनीहरूलाई असल स्वास्थ्यका नियमहरू सिकाउँछौं, अनि चङ्गाई गर्ने सत्य परमेश्वरतिर तिनीहरूको ध्यान दिन लगाउँछौं" विलबरले यस लेखकला सुनाएको थियो।

-लेखक आन्द्र्यु मेकचेस्नी